मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १८ गते बिहीबार ❑ 4 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरा प्रर्दशनी केन्द्रमा औद्योगिक व्यापार मेला तथा क्यान इन्फोटेक सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर



पोखरा उद्योग वाणिज्य संघको आयोजनामा बुधबारदेखि पोखरा ९, नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा 'नेपाल मणिपाल अस्पताल ३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३ औं क्यान इन्फोटेक २०८२, पोखरा' सुरु भएको छ।

५ दिनसम्म चल्ने मेलाको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गरे । उद्घाटनको क्रममा उनले नेपालमा केही हुँदैन भन्ने भाष्य चिर्न जरुरी रहेको पनि बताए। नेपालकै पूँजीले पनि धेरै ठूला आयोजना बनाउन सकिने बताउँदै उनले त्यसका निम्ति नेपाल उद्योग वाणिज्य महासंघले १० अर्ब पूँजीको लगानी कम्पनी बनाएको बताए।

'हाम्रै पूँजीबाट ठूलो लगानी गर्न सकिन्छ । महासंघले बनाएको कोषबाट कुनै व्यवसायीले सुरु गरेको व्यवसायमा थप लगानी गर्न पनि मिल्छ, नयाँ उद्यमीहरुलाई लगानी जुटाइदिने काम पनि हुन्छ,'उनले भने,' नेपालमा ठूला पूर्वाधार बनाउनका लागि नेपाल डेभलपमेन्ट पब्लिक (एनडिपी) बनाइएको जानकारी दिए। एनडिपीकै माध्यमबाट धेरै व्यवसायी समेटेर नेपालकै पूँजी परिचालन गरी ५० अर्बका प्रोजेक्ट बनाउन थालिएको छ।' उनले स्थानीय कच्चा पदार्थको प्रयोग, स्थानीय उत्पादनलाई बढावा दिँदामात्र अर्थतन्त्र उकासिने पनि बताए । जेन-जी आन्दोलनको क्रममा व्यवसायीमाथि भएको आक्रमणको निन्दा गर्दै उनले त्यसमा संलग्नहरुलाई कारवाहीको लागि महासंघले प्रधान र गृहमन्त्रीसँग विशेष पहल गरेको दाबी पनि गरे । महासंघले निजी क्षेत्रलाई सुरक्षा प्रबन्ध गर्नका निम्ति जिल्ला-जिल्लामा रहेको सुरक्षा समितिमा निजी क्षेत्रको प्रतिनिधित्व गराएको पनि उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले भागबण्डाको संस्कारले देश नबन्ने जिकिर गर्दै आगामी निर्वाचनमार्फत् एउटा दलले बहुमत ल्याइदिए हुने आशय व्यक्त गरे । चुनावका निम्ति सम्पूर्ण दलहरु तयार हुनुपर्ने र त्यसका निम्ति निजी क्षेत्रले पनि दबाब दिनुपर्ने उनको भनाइ थियो । देशमा चुनाव नहुँदा अस्थिरता अझै बढ्ने तर्क गर्दै उनले भने,'चुनाव भएन भने फेरि देश कसले सम्हाल्ने, फेरि सेना गुहार्नुपर्ने हो, त्यसैले जनताको मत लिइ सरकार बनाउने दिशातर्फ दलहरुले तयारी थाल्नुपर्छ ।' उनले चुनावपछिमात्र कर्मचारी संयन्त्र, संविधान बदल्नेबारे छलफल चलाउन पनि दलहरुसँग आग्रह गरे । 'यही संरचना र आर्थिक प्रणालीले देश बन्दैन, धनी झन धनी र गरीब झन गरीब हुने अवस्था आउँछ। यसमा सुधार हुनैपर्छ। कर्मचारी प्रशासनमा पनि सुधार जरुरी छ,'उनले भने,' हामी कतिञ्जेलसम्म अनियमितता र अव्यवस्थाको भूमरीमा पर्ने हो भन्नेबारे सोचौँ र यसबाट बाहिर निस्कने माध्यम चुनाव भएको बुझौँ।' उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि विमानस्थलबारे प्राविधिक छानबिन गर्न बनेको समितिको प्रतिवेदन अनुसार काम गर्नुपर्ने पनि बताए। विमानस्थलको धावनमार्ग कम भएको भए बढाउन, होँचो ठाउँमा बनेको भए त्यसलाई सुधार गर्नका निम्ति पोखरेलीहरुले दवाब दिनुपर्ने उनको धारणा थियो।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले उद्योग स्थापना र रोजगारी सिर्जनाका निम्ति निजी क्षेत्रले पहल गरिरहेको तर निजी क्षेत्रसँग कुममा कुम मिलाएर राजनीतिक दलहरु हिँड्न नसक्दा देशमा जेन-जी आन्दोलन भएको बताए । उनले निजी क्षेत्रमाथि आक्रमण भए पनि निजी क्षेत्रले हिम्मत नहारेको बताए । 'हामीले बैंकबाट ऋण लिएका छौँ, लगानी गरिसकेका छौँ र हामी हतोत्साही हुन मिल्दैन,'उनले भने । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले भयरहीत वातावरणमा स्वच्छ तवरले तोकिएकै समयमा संघीय संसदको निर्वाचन निजी क्षेत्रको चाहना भएको बताए । निर्वाचन होस् भन्ने निजी क्षेत्रको चाहना हो । चुनावी वातावरण निर्माणको लागि निजी क्षेत्र सरकारको साथमै छ । 'हामी जनताको मतमार्फत् आफूलाई प्रमाणित गर्ने सुनौलो अवसरको उपयोग गर्न राजनीतिक दलहरुलाई हार्दिक अनुरोध गर्दछौं । तर, चुनावकै नाममा देशको अर्थतन्त्र खल्बल्याउने, निजी क्षेत्रलाई यो वा त्यो बहानामा दुःख दिने काम नहोस् भन्नेमा पनि सरकारको ध्यान पुगोस् भन्ने हाम्रो माग रहेको छ,'उनले भने,' खुलेर भन्दा-चुनाव वा आन्दोलनको नाममा निजी क्षेत्रमाथि चन्दा आतंक नथोपरियोस् । उनले जेन-जी आन्दोलनको क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणको निन्दा गर्दै आपराधिक गतिविधिलाई यो वा त्यो बहानामा छुट दिन नमिल्ने र त्यस्ता व्यक्तिमाथि कानूनी कारवाही हुनुपर्ने बताए।

कोरोला नाकाको संचालन, कोरोला-त्रिवेणी र सिद्धार्थ राजमार्गको स्तरोन्नति, पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताको लागि पनि उनले आवाज उठाए। गण्डकी सरकारको घरेलु रक्सी र गाँजा खेतीलाई वैधानिकता दिने निर्णयको उनले स्वागत गरे। कार्यक्रममा बोल्दै नेकपा एमाले कास्कीका अध्यक्ष वैनबहादुर क्षेत्रीले राजनीतिक दलहरुको आर्थिक समृद्धि र रोजगारी सिर्जनालाई मूलमन्त्र बनाउँदै अगाडि बढ्नुपर्ने बताए । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले निजी क्षेत्रलाई सुरक्षा दिन कास्की प्रशासन तयार रहेको बताइन्।

नेपाल मणिपाल अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल अड्डुविलले पोखराले स्वास्थ्य पर्यटनबाट ठूलो लाभ लिनसक्ने बताउँदै पूर्वाधार र सेवामा मणिपालले ठूलो लगानी गरेको बताए। पोखरालई गुणस्तरीय स्वास्थ्यको सहर बनाउने अभियानस्वरुप नै मणिपाल अगाडि बढेको उनको भनाइ छ । पोखरा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## समावेशी विकास तथा शासन व्यवस्थाको रूपान्तरणलाई अघि बढाउने प्रधानमन्त्रीको प्रतिबद्धता

**रासस**
काठमाडौं, १७ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले दिगो विकासका लक्ष्य प्राप्तिको लागि अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धतालाई प्राथमिकतामा राखी अपाङ्गता समावेशी विकास तथा शासन व्यवस्थाको रूपान्तरणलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवसका अवसरमा आज जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

सन्देशमा प्रधानमन्त्रीले अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता, सामाजिक सुरक्षा एवं पुनः स्थापनामा सहज पहुँचका लागि सरकार क्रियाशील रहेको बताउनुभएको छ। अपाङ्गता भएका व्यक्तिको आर्थिक-सामाजिक अवस्था एवं अपाङ्गताको गाम्भीर्यका आधारमा अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधामा प्राथमिकता दिई अपाङ्गता भएका सबैलाई सम्मानजनक र समतामूलक जीवनयापनको वातावरण निर्माण गर्ने राज्यको नीति रहेको प्रधानमन्त्रीले सन्देशमा स्पष्ट गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिले भोगिरहेका भौतिक, दृष्टिकोणजन्य, सञ्चारमा रहेका अवरोध, कानुनीलगायत अन्य सबै अवरोधहरू हटाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सहज, पहुँचयुक्त र सम्मानजनक अवस्थाको सिर्जना गर्नु आजको आवश्यकता भएको सन्देशमा उहाँले उल्लेख गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिको स्वावलम्बी र आत्मनिर्भर जीवनका लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापनालगायत रोजगार तथा स्वरोजगारका कार्यक्रममा तीनवटै तहका सरकारको संयुक्त प्रयासले अपेक्षित उपलब्धि हासिल गर्न सकिने विश्वास प्रधानमन्त्रीले व्यक्त गर्नुभएको छ। नेपालको संविधान, नेपाल पक्ष राष्ट्र भएका अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धि, महासन्धि, विद्यमान कानुनहरूले अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अधिकारलाई अधिकतम रूपमा सम्बोधन गरेका उहाँले बताउनुभएको छ।

आजको यस दिवसले अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, सम्बन्धित सबै सरोकार भएकाहरूलाई अपाङ्गता भएका व्यक्ति एवं तिनका अभिभावकको हक, हित, अधिकार, संरक्षण र सुविधाको क्षेत्रमा अझ धेरै कार्य गर्ने प्रेरणा र ऊर्जा मिलोस् भन्ने कामना गर्नुभएको छ।

## मधेस प्रदेशका मुख्यमन्त्री यादवको राजीनामा स्वीकृत

**रासस**
काठमाडौं, १७ मंसिर

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशप्रमुख सुरेन्द्र लाभ कर्णसमक्ष बुझाउनुभएको राजीनामा स्वीकृत भएको छ।

बुधबार प्रदेशप्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "नेपालको संविधानको धारा १६९ उपधारा (१) को खण्ड (क) अनुसार मुख्यमन्त्री पदबाट दिनुभएको राजीनामा आज प्रदेश प्रमुखले स्वीकृत गर्नुभएको छ।" प्रदेशप्रमुख कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जारी गर्नुभएको विज्ञप्तिमा नेपालको संविधानको धारा १६९ को उपधारा (३) बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि मौजुदा मन्त्रिपरिषद्लाई प्रदेशको मन्त्रिपरिषद्को कार्यभार सञ्चालन गर्न तोकिएको व्यहोरा उल्लेख गरिएको छ।

## भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्छ : मन्त्री घिसिङ

**रासस**
काठमाडौं, १७ मंसिर

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्ने बताउनुभएको छ।

उज्यालो नेपाल पार्टीको घोषणासभालाई बुधबार यहाँ सम्बोधन गर्दै उहाँले सुशासन नै समृद्धिको प्रमुख आधार भएको बताउनुभयो। "नेपाल समृद्ध हुन धेरै बेर लाग्दैन। समृद्धिको आधार सुशासन हो, जेनजी आन्दोलनले भ्रष्टाचार मुक्त देशको विषय उठाएको हो । भ्रष्टाचार मुक्त देश बन्न सक्यो भने समृद्धितर्फ अघि बढ्छ", मन्त्री घिसिङले भन्नुभयो । सही पात्र सक्रिय राजनीतिमा आउनुपर्नेमा जोड दिँदै उहाँले सही पार्टी र नेतृत्व चुन्ने बेला आएको बताउनुभयो। राजनीतिमा जनविश्वास सबैभन्दा महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री घिसिङले विगतदेखिका निराशा र आक्रोश जेनजी आन्दोलनका रूपमा विस्फोट भएको तर्क गर्नुभयो। उहाँले जेनजी आन्दोलनपछिको परिवर्तनलाई संस्थागत गर्दै मुलुकलाई अग्रगामी दिशामा लैजान वर्तमान सरकार केन्द्रित भइरहेको स्पष्ट पार्नुभयो।

"आसन्न निर्वाचनले जेनजी परिवर्तनलाई संस्थागत गर्नेछ। अब पविर्तनको नेतृत्व नयाँ र विकल्प दिन सक्ने व्यक्तित्व, संस्था र पार्टीले गर्नुपर्छ", मन्त्री घिसिङले भन्नुभयो, "यसका लागि आमजनसमुदायको भावनाअनुसार सबै बैकल्पिक शक्ति एक ठाउँमा आउनुपर्छ । जस्तो सुकै परिस्थितिमा पनि एकताबद्ध भएर परिवर्तनलाई परिणाम दिने अवस्थामा लैजानुपर्छ।"

## परिवार नियोजनको अभियान कन्या क्याम्पसमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर




नेपाल परिवार नियोजन संघ कास्की शाखाले संचालन गरेको यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी रहेको छ।

पछिल्लो समय बुधबार पोखरा महानगरपालिका वडा नं ३ स्थित कन्या क्याम्पसमा अभियान संचालन गरिएको छ।

२४ वटा विद्यालय तथा कलेजसम्म संचालन गर्ने गरी अभियानलाई तिव्र पारिएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो । १६ देखि २१ वर्ष उमेर समूहका विद्यार्थीलाई लक्षित गरी कार्यक्रम गरिएको सभापति सिग्देलको भनाइ छ । कार्यक्रममा बोल्दै कन्या क्याम्पसका प्रमुख सुरेश मानन्धरले क्याम्पसमा अभियान ल्याइएकोमा खुशी व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्यटक घट्दा बेगनासका डुङ्गा व्यवसायी सङ्कटमा

रासस
पोखरा, १७ मंसिर

बेगनास तालमा आउने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या दश वर्षयता घट्दो क्रममा देखिएपछि यहाँका पर्यटन तथा डुङ्गा व्यवसायी चिन्तित बनेका छन् । पोखराको बैदामस्थित फेवातालमा आउने पर्यटक पनि बेगनास तालमा न्यून मात्रामा पुग्ने गरेपछि डुङ्गा व्यवसायी सङ्कटमा परेका हुन् ।

सार्वजनिक बिदाका दिन बेगनास तालमा घुम्न आउने आन्तरिक पर्यटक केही मात्रामा देखिए पनि विदेशी पर्यटक दुई-चार जना मात्र देखिने गरेका बेगनास तालमा ३७ वर्षदेखि डुङ्गा व्यवसाय गर्दै आउनुभएका मेघनाथ तिवारी बताउनुभयो ।

विसं २०७२ को भूकम्पसँगै बेगनास तालमा आउने पर्यटकको सङ्ख्या घट्दै गएको जनाउँदै उहाँले कोरोनाका साथै विभिन्न घटनाक्रम र सडकका कारण त्यो सङ्ख्या बढ्न नसकेको धारणा राख्नुभयो । वर्षौंदेखि थला परेको डुङ्गा व्यवसायमा पछिल्ला केही वर्षयता सुधार हुने आशा गरिए पनि मुग्लिङ-पोखरा, तालचोक-बेगनास सडक पुनर्निर्माणका कारण यहाँ पुग्ने पर्यटकको सङ्ख्या घटेको बेगनास तालका डुङ्गा व्यवसायी सोमराज कँडेलले गुनासो गर्नुभयो । बेगनास ताल डुङ्गा व्यवसायी समितिका पूर्वअध्यक्ष ढकनाथ कँडेलले डुङ्गा व्यवसायबाट दैनिकी नचलेपछि तीस



प्रतिशत व्यवसायीले विकल्पका रूपमा अन्य पेसा रोजेका बताउनुभयो । "बाँकी रहेका व्यवसायी पनि व्यवसायसँगै अन्य काममा समेत संलग्न हुने गरेका छन्", उहाँले भन्नुभयो । पोखरा महानगरपालिका-३१ मा रहेको बेगनास तालमा आन्तरिक पर्यटक नौका विहार र माछाका परिकार खान पुग्ने गर्छन् । माछाका परिकारका लागि बेगनास ताल वर्षौंदेखि प्रसिद्ध मानिँदै आएको छ । "यतिबेला सबै डुङ्गा सञ्चालनमा छैनन्, आलोपालो गरी चलाउने गरिएको छ", डुङ्गा व्यवसायी कँडेलले भन्नुभयो ।

पोखराको दोस्रो ठूलो बेगनास ३७३ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यहाँ २८० वटा डुङ्गा सञ्चालनमा छन् भने करिब २०० जना डुङ्गा व्यवसायी छन् । "व्यवासयीले डुङ्गाको पालो कुर्न एक साता पर्खनुपर्छ । महिनाको रु तीन हजारले परिवार कसरी चल्न सक्छ", पूर्वअध्यक्ष कँडेलले प्रश्न गर्नुभयो । बेगनास तालमा एक घण्टा नौका विहार गरेबापत व्यवसायीले रु ७०० र पाइडलबोटको रु एक हजार ५०० लिने गरेका बेगसान डुङ्गा व्यवसाय समतिका अध्यक्ष रविराज कँडेलले जानकारी दिनुभयो । "तालमा तीनवटा मोटरबोट भए पनि ती मोटरबोट बराह मन्दिरमा जानआउनका लागि मात्र प्रयोग हुन्छन्", उहाँले भन्नुभयो । डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण हिमशृङ्खला, कालिकाको ठूलाकोट, तथा बेगनासको सुन्दरीडाँडाको मनोहर दृश्यावलोकन गर्न सकिन्छ । बेगनास तालमा विसं २०३७ देखि व्यावसायिक रूपमा डुङ्गा सञ्चालन हुँदै आइएको हो । बेगनास तालमा एक घण्टा नौका विहार गरेबापत व्यवसायीले रु ७०० र पाइडलबोटको रु एक हजार ५०० लिने गरेका बेगसान डुङ्गा व्यवसाय समतिका अध्यक्ष रविराज कँडेलले जानकारी दिनुभयो । "तालमा तीनवटा मोटरबोट भए पनि ती मोटरबोट बराह मन्दिरमा जानआउनका लागि मात्र प्रयोग हुन्छन्", उहाँले भन्नुभयो ।

डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण हिमशृङ्खला, कालिकाको ठूलाकोट, तथा बेगनासको सुन्दरीडाँडाको मनोहर दृश्यावलोकन गर्न सकिन्छ । बेगनास तालमा विसं २०३७ देखि व्यावसायिक रूपमा डुङ्गा सञ्चालन हुँदै आइएको हो । विसं २०५३ अघिसम्म गाउँगाउँमा सडक नखुल्दा यहाँका डुङ्गा व्यवसायका साथै सवारीसाधनका रूपमा प्रयोग हुन्थ्यो । कास्कीको बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरे र लमजुङको पर्यटकीय पसगाउँवासीले डुङ्गामार्फत छोटो बाटोका रूपमा यो ताल प्रयोग गर्दै आएका अध्यक्ष कँडेल जानकारी दिनुभयो । बेगनास तालका होटल व्यवसायी सोमबहादुर लालचनका अनुसार पर्यटकको सङ्ख्या दश वर्षदेखि घट्दै भएको छ । "सोही कारणले यहाँको पर्यटन व्यवसाय स्वदेशी पर्यटकले धानिएको छ । एक-दुई जना इजरायली पर्यटक मात्र आउँछन्, उनीहरूले पनि धैरै पैसा खर्च गर्दैनन्", उहाँले भन्नुभयो । पोखराको फेवातालमा आउने २५ प्रतिशत पर्यटक मात्र बेगनास तालमा पुग्ने गरेमा यहाँको पर्यटन व्यवसाय चलायमान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । "पर्यटकको पर्खाइमा कतिञ्जेल बस्ने हो", लालचनले भन्नुभयो, "होटलका लागि पर्यटक खोज्दै बेगनास ताल आसपास आएर बस्नुपर्ने अवस्था छ ।"

# पोखरेली टेनिस खेलाडी अभिषेक भियतनामको टेनिस प्रतियोगितामा सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

पोखराबाट टेनिस खेल जीवन सुरू गरेका नेपाली टेनिस खेलाडी अभिषेक बास्तोला भियतनाममा हुने युटिआर अन्तर्राष्ट्रिय टेनिस प्रतियोगितामा नेपालका तर्फबाट सहभागी हुने भएका छन् ।

डिसेम्बर १० देखि १४ तारिखसम्म हुने प्रतियोगितामा उनी नेपालका एक मात्र प्रतिनिधि हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलन उनले जनाएका हुन् । हाल अमेरिकामा अध्ययन सहित व्यावसायिक टेनिस खेल्दै आएका २३ वर्षीय बास्तोला अन्तर्राष्ट्रिय टेनिस महासङ्घ आइटिएफको विश्व वरियताका खेलाडी हुन् ।

आठ वर्षको उमेरमा पोखरामा टेनिस खेल्न सुरू गरेका बास्तोलाले तेह्र वर्षदेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई प्रतिनिधित्व गर्दै आएका छन् । अहिलेसम्म उनी २२ राष्ट्रमा प्रतिस्पर्धा गरिसकेका छन्। उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा बोकेर खेल्दा आउने अनुभूति आफूलाई निरन्तर उत्साहित बनाउने बताए। नेपालमा प्रशिक्षण पूर्वाधार र प्रशिक्षकको अभावका कारण अभ्यासमा कठिनाइ हुने गरेको उल्लेख गर्दै उनले प्राविधिक सुविधा र प्रशिक्षण व्यवस्थामा सहयोग



भए अझ राम्रो प्रदर्शन गर्नसकिने धारणा व्यक्त गरे ।

अभिषेक पोखराका व्यवसायी अनुज बास्तोलाका छोरा हुन्। अनुज स्वयं टेनिस खेलमा संलग्न रहेकाले अभिषेकको प्रारम्भिक प्रशिक्षण पोखरामै सहज भएको मानिन्छ। पछिल्लो हप्तासम्म भारतमा अन्तर्राष्ट्रिय खेल खेलेर पोखरा फर्किएका बास्तोला बुधबार भियतनाम प्रस्थान गर्ने तयारीमा छन्। उनले युटिआरका साथै विभिन्न व्यावसायिक प्रतियोगिताहरू प्रतिस्पर्धा गरिसकेको जानकारी दिए । ओलम्पिकमा खेलेर नेपाललाई विश्वस्तरमा परिचित गराउने लक्ष्य रहेको उनले बताए। उनले सन् २०२६ को यूएस ओपनमा सहभागी हुने लक्ष्यसहित तयारी अघि बढाएको उल्लेख गर्दै आवश्यक सहयोग र प्रोत्साहन मिले नेपालबाट पनि विश्वस्तरको व्यावसायिक खेलाडी बन्न सकिने धारणा राखे ।

युटिआर प्रतियोगिताको छनोटका लागि विश्वका तीन हजार खेलाडीभित्र पर्ने मापदण्ड पूरा गरेपछि उनी भियतनाममा हुने प्रतियोगितामा सहभागी हुन योग्य बनेका हुन्। पत्रकार सम्मेलनमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष याम्बी आस्था, पुर्व अध्यक्ष विनोद लामिछानेले देशको प्रतिनिधित्व सहित उक्त प्रतियोगितामा सहभागि भई रहदा संस्थागत रुपमा सहभागि गराउनु पर्नेमा जोड दिए ।

# 'निट डेण्टल पत्रकारिता पुरस्कार' प्रतिभा छनोट समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

पोखरा महेन्द्रपुलमा रहेको निट डेन्टल केयर प्रालिले स्थापना गरेको 'निट डेण्टल पत्रकारिता पुरस्कार' का लागि प्रतिभा छनोट समिति गठन गरिएको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेशले सञ्चालन गर्ने पुरस्कारका लागि बुधबार प्रतिभा छनोट समिति गठन गरिएको हो ।

फोनिज गण्डकीको बैठकले फोनिजका संघीय सचिव एमबी आस्थामगरको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको हो । समितिको सदस्यमा फोनिज गण्डकी ईन्चार्ज रुद्र श्रीसमगर, अनुशासन समितिकी संयोजक मिना थापामगर, अध्यक्ष खिमा गुरुङ र महासचिव सुरज थापामगर छन् । निट डेण्टलको वार्षिकोत्सवका अवसरमा प्रदान गरिने उक्त पुरस्कार मंगलबार घोषणासँगै पुरस्कार सञ्चालनका लागि ५ लाख रुपैयाँको अक्षयकोष पनि स्थापना गरिएको थियो ।

निट डेण्टलको तेस्रो वार्षिकोत्सव मंसिर २६ गते भएकाले पुरस्कार स्थापनासँगै प्रतिभा छनोट समिति गठन गरिएको फोनिज गण्डकीका उपाध्यक्ष धनबहादुर गुरुङले जानकारी दिए ।

पत्रकारिताका माध्यमबाट समाज परिवर्तनमा सकरात्मक भूमिका निभाएका पत्रकारलाई उक्त पुरस्कार प्रदान गरिने उनले बताए । यो पुरस्कार फोनिजमा मात्र सिमित नभएर अन्य समुदायका पत्रकारले पनि प्राप्त गर्न सक्ने उपाध्यक्ष गुरुङले बताए । 'नेपालभित्र जुनसुकै जिल्लामा रहेर पत्रकारिता गरिरहेका क्रियाशील पत्रकारले यो पुरस्कार प्राप्त गर्न सक्नुहुन्छ,' उनले भने, 'डेण्टलको वार्षिकोत्सवको दिन हरेक वर्षको मंसिर २६ गते एक जना पत्रकारलाई नगद २५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिनेछ ।'

सत्यमेव जयते

**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**REPAIR/ REPLACEMENT OF NAKED WIRE WITH 4 CORE INSULATED CABLE WIRE IN THE PPO COMPLEX AND RENOVATION OF LTA (LIFE TIME ARREAR) SECTION ROOM OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1 Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EOI, PPO Pokhara :-
   1.1 Repair/ replacement of naked wire with 4 core insulated cable wire in the PPO complex of EOI, PPO Pokhara.
   1.2 Renovation of LTA (Life Time Arrear) section room of EOI, PPO Pokhara.
2 The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 17 Dec 2025 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240/ 061-435804/061-435805.
3 Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

# "स्मृतिमा झलकमान र नारायण गोपाल साँझ" कार्यक्रमको सम्पूर्ण तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराले मंसिर १८ गते बिहीबार आयोजना गर्ने "स्मृतिमा झलकमान र नारायण गोपाल साँझ" को सम्पूर्ण तयारी पुरा भएको छ ।

झलकमान गन्धर्व सारङ्गी पाठशाला र पोखरा महानगरपालिका वडा नम्बर ९ को समेत संयुक्त आयोजनामा हुने कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको स्टेसन म्यानेजर सञ्जय कुमार मल्लले जानकारी दिए। रेडियोको रजत वर्षको अवसरमा वर्षभरी १२ महिना १२ कार्यक्रम अन्तरगत यो कार्यक्रम आयोजना गर्न लागिएको हो । कार्यक्रम पोखराको महेन्द्रपुलमा रहेको फाल्चामा साँझ साढे ४ बजेबाट सुरु हुने कार्यक्रम संयोजक राजाराम पौडेलले जानकारी दिए । प्रवेश निःशुल्क हुने यो कार्यक्रममा उपस्थित भएर सारङ्गीका धुन मार्फत झलकमान गन्धर्व र नारायण गोपाललाई स्मरण गर्न सकिने भएकोले सबैजनालाई उपस्थित भएर साथ दिन संयोजक पौडेलले आग्रह गरेका छन् । कार्यक्रममा झलकमान गन्धर्व सारङ्गी पाठशालामा अध्ययनरत विद्यार्थीले सारङ्गीको धुनमा झलकमान र नारायण गोपालका गीत सुनाउनेछन् । कार्यक्रमलाई भव्य बनाउन प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका वडा नम्बर ३, वडा नम्बर ११, वडा नम्बर १२, वडा नम्बर १३, वडा नम्बर १४ र वडा नम्बर २६ सहित पोखरा इन्टरनेट, परिचय एडभरटाइजिङ, पालिखे ढाका टोपी, एसके साउन्ड, रूपाकोट ज्योति सुनचाँदी पसल, सिटीवान टेलिभिजन, समय नेपाल र नेवा मिसस् पुचस् कास्की लगायतको सहयोग गरेका छन् । रेडियोले हरेक वर्ष नारायण गोपालको स्मृतिमा नारायण गोपाल साँझ गर्दै आइरहेको थियो । रजत वर्षको अवसरमा यस अगाडि रेडियोले पोखरा १४ मा रहेको वात्स्यायन वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग, बिभिन्न बहस मूलक कार्यक्रम, जेनजी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएको जिल्ला प्रहरी कार्यालय कास्कीमा स्टेसनरी सामाग्री वितरण, प्रसिद्ध धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ, झलकमान गन्धर्व सारङ्गी पाठशालाका विद्यार्थीलाई राष्ट्रिय पोशाक सहयोग लगायतका काम गरिसकेको छ । रेडियो अन्नपूर्ण २०५८ साल वैशाख १२ गते स्थापना भएको हो । २५ वर्षको अवधिमा रेडियोले सञ्चार क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल भएको छ ।

## पोखरा ...

उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाको धन्यवाद तथा महासचिव शोभा गौतमको स्वागत रहेको कार्यक्रममा बोल्दै बागलुङ उद्योग वाणिज्य संघका राजन शाक्यले उद्यमशीलताले नै मान्छेलाई सफल बनाउने भएकाले कामलाई सानो-ठूलो नभन्न आग्रह गरे ।

क्यान महासंघ कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवरले नयाँ युगमा नयाँ प्रविधिको प्रयोगबाट व्यावसायिक सफलता मिल्ने भएकाले नयाँ प्रविधिलाई उपयोग गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराललले मेला र महोत्सवहरु अर्थतन्त्र चलायमान बनाउन फलदायी भएको धारणा राख्दै निजी क्षेत्रले सामाजिक उत्तरदायित्ववोध पनि गर्नुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ र महासंघ गण्डकी प्रदेशको संरक्षकत्व,गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा विभिन्न व्यावसायिक प्रतिष्ठानको सहयोगमा मेला आयोजना गरेको हो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# सामाजिक सुरक्षा कार्यक्रम महत्व बढ्दैछ

नेपालको संविधानले लोककल्याणकारी राज्यको कल्पना गरेको छ । लोककल्याणकारी राज्यले सामाजिक सुरक्षालाई जोड दिन्छ । त्यही मान्यताको आधारमा सामाजिक सुरक्षा निम्ति २०७४ सालमा सामाजिक सुरक्षा ऐन बन्यो । त्यसैका आधारमा २०७५ मङ्सिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम थालनी भएको हो । केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला सामाजिक सुरक्षा व्यापक प्रचारका साथ कार्यक्रम शुरू भयो । त्यसयता प्रत्येक वर्ष मङ्सिर ११ गतेलाई सामाजिक सुरक्षा दिवसका रूपमा मनाइन्छ । यो वर्ष 'सामाजिक सुरक्षा : सर्वव्यापी स्वास्थ्य सेवाको पहुँच, पेन्सनयोग्य समाज र उत्पादकत्व अभिवृद्धिसहित नागरिकको जीवन रक्षा' भन्ने नाराका साथ यो दिवस मनाइयो । सामाजिक सुरक्षा प्रतिबद्धता प्रकट भयो ।

नेपालमा लोककल्याणकारी राज्य प्रणालीलाई संस्थागत गर्न सामाजिक सुरक्षा कोषले संस्थागत भूमिका निर्वाह गरिरहेको छ । आठौं सामाजिक सुरक्षा दिवसका अवसरमा कोषको प्रतिबद्धताले नागरिकको भविष्यप्रति उज्यालो क्षितिज देखिएको छ । कोषले सम्पादन गरेका काम सरकारले आमनागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सहयोग गर्ने दिशामा निर्देशित छन् । सामाजिक सुरक्षा ऐनले व्यवस्थान गरे अनुरूप योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको थालनी भएको २०७५ मङ्सिर ११ गतेलाई ऐतिहासिक दिन नै मान्नु पर्छ । फलस्वरूप नै २०७६ साउन १ देखि औपचारिक क्षेत्रमा रोजगारदाता कोषको योजनामा सूचीकृत गर्न थालिएसँगै संस्थागत प्रयास अगाडि बढेको हो । कर्मचारीलाई कोषमा जोड्न सुरु भयो ।

यसमा निरन्तर विस्तार छ । सरकारी, निजी क्षेत्र, अनौपचारिक क्षेत्रदेखि देशबाहिर रोजगारीमा जाने नागरिक पनि कोषमा आबद्ध हुन थालेका छन् । तीन वर्षयता वैदेशिक रोजगारीमा गएका वा विदेशमा स्वरोजगार भएका श्रमिक, अनौपचारिक क्षेत्र र स्वरोजगार श्रमिकसमेत कोषको योजनामा जोडिनु सुखद पक्ष हो । यसले कोषको पुँजीको आकार बढ्दै गएको छ । कोषमा योगदानकर्ता र राष्ट्रिय कल्याणकारी कोषको समेत गरेर एक खर्ब २६ अर्ब रुपियाँ पुगिसकेको छ । यसमा कुल योगदान रकम ९५ अर्ब ६० करोड हो । अहिले अनेक खालका सामाजिक सुरक्षामा सरकारको वार्षिक तीन खर्ब रुपियाँभन्दा बढी आर्थिक भार परिरहेको छ । त्यो भारलाई न्यूनीकरण गर्न कोषमार्फत थालनी गरिएको संस्थागत प्रयासले राज्यलाई दीर्घकालीन व्ययभार घट्दै गई सामाजिक सुरक्षाका कार्यक्रम संस्थागत हुने छन् । लोककल्याणमा दिगोपना आउने छ ।

विश्वका कतिपय मुलुकले सामाजिक सुरक्षा कोषमा बचत भएको रकमले देशको पूर्वाधार विकासलगायत अर्थतन्त्रका उत्पादनमूलक क्षेत्रमा लगानी गरी विकासमा फड्को मारेका छन् । नेपालमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषसँगै सामाजिक सुरक्षा कोष पनि बचतको राम्रो माध्यम भएको छ । यी कोषहरूमा भएको रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सरकारले बनाउनु पर्छ । कोषमा जम्मा भएका रकम कतिपय दीर्घकालीन प्रकृतिका समेत हुने भएकाले उत्पादनमूलक र दीर्घकालीन लगानी रणनीति अख्तियार गरिनु आवश्यक हुन्छ । बैंङ्क तथा वित्तीय क्षेत्रमा लगानीयोग्य रकम ११ खर्ब रुपियाँभन्दा बढी छ । निक्षेपको ब्याजदर तल्लो बिन्दुतिरै छ ।

यो लगानी अवसर हो । सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमको कुशलतापूर्ण लगानी अपरिहार्य छ । अहिले कोषको अधिकांश रकम बैङ्क तथा वित्तीय संस्थाको मुद्दतीमा छ । ब्याजदर न्यून हुँदा यसले कोषको चुनौती बढाएको छ । कोषले मुद्दतीमा राखेको रकम उत्पादनशील र पूर्वाधार क्षेत्रमा लगानी गरिनु पर्छ । लगानीले रोजगारी विस्तार हुन्छ । देशभित्र रोजगारी नपाएर ६० लाखभन्दा बढी युवा विदेश जानु परेको छ । कृषि, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा लगानीका आयाम विस्तार गर्नु पर्छ । त्यसबाटै कोष अभिवृद्धि हुँदै गई सामाजिक सुरक्षाका आयाम दिगो, सुनिश्चित र फराकिलो बनाउन सकिने छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँमा सात जना एचआइभी सङ्क्रमित थपिए

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ मंसिर

तनहुँमा ४५० जना एड्स सङ्क्रमित रहेका छन् । त्यसमध्ये २६८ जनाले प्रदेश अस्पताल दमौलीबाट एआरटी औषधि सेवन गरिरहेका छन् । बाँकीले भने बाहिरी जिल्लाबाट औषधि सेवन गर्दै आएको प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले जनाएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख अमर दवाडीले चालु आर्थिक वर्षमा सात जना नयाँ एचआइभी सङ्क्रमित थपिएको जानकारी दिनुभयो । चालु आवमै एक जना एचआइभी सङ्क्रमितको मृत्यु भएको छ । उहाँले एचआइभी सङ्क्रमितको परीक्षणका लागि दमौली अस्पतालमा उपचार केन्द्रको व्यवस्था गरिएको उल्लेख गर्नुभयो ।

गर्भवतीका लागि जिल्लास्थित सबै स्वास्थ्य संस्थामा एचआइभी परीक्षणको व्यवस्था मिलाइएको दवाडीले बताउनुभयो ।

एचआइभी सङ्क्रमितको हकहितका लागि काम गर्दै आएको तनहुँ सहयोगी संस्थाका केशु गुरुङले समाजको डरका कारण अझै पनि सङ्क्रमित खुल्न डराउने गरेको जानकारी दिनुभयो ।

# बेनी अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ मंसिर

प्रदेश अस्पताल बेनीमा शल्यक्रियामार्फत गरिने प्रसूति र सर्जरी सेवा करिब एक महिनापछि सञ्चालन भएको छ ।

प्रदेश सरकारले खटाएका शल्यक्रियामार्फत गरिने प्रसूति र सर्जरीको पनि शल्यक्रिया सेवा दिनसक्ने एमजिडिपी डाक्टर मङ्गलबार अस्पतालमा हाजिर भएसँगै सेवा सञ्चालन भएको हो । विशेषज्ञ चिकित्सक अभावमा कात्तिक १५ गतेदेखि शल्यक्रियामार्फत गरिने प्रसूति तथा मङ्सिर १ गतेदेखि 'हाइड्रोसिल', 'एपेन्डिस' र 'हर्निया'को शल्यक्रिया सेवा बन्द भएको थियो । स्वास्थ्य मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले धौलागिरि अस्पताल बागलुङबाट नवौं तहका डा हेमन्त बास्तोलालाई मङ्सिर १० गते बेनीमा सरुवा गरेको थियो । एमजिडिपी डाक्टर आएपछि बन्द भएका शल्यक्रियासम्बन्धी सेवा सञ्चालन भएको प्रदेश अस्पताल बेनीका निमित्त प्रमुख समीर भण्डारीले बताउनुभयो ।

सर्जरी र शल्यक्रियामार्फत गरिने प्रसूति सेवाका लागि समय र रकम खर्च गरेर जिल्ला बाहिर जानुपर्ने अवस्था सिर्जना भएको थियो । बेनी अस्पतालबाट म्याग्दी, मुस्ताङ, पर्वतको जलजला, बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले सेवा लिने गरेका छन् । गत भदौ महिनादेखि बेनीलगायत गण्डकी प्रदेश सरकार मातहतका अस्पतालको व्यवस्थापन समिति नेतृत्वविहीन छ । सम्बन्धित जिल्लाको समन्वय समितिका प्रमुख समितिको अध्यक्ष रहने कार्यविधि खारेज भएपछि अस्पताल नेतृत्वविहीन भएका हुन् । म्याग्दी १(क) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले कात्तिक अन्तिम साता बसेको प्रदेशसभाको बैठकमा शून्य समयमा प्रदेश अस्पतालको विकास समिति र प्रदेश अस्पताल बेनीको प्रशासनिक नेतृत्व नहुँदा देखिएका समस्याका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । बेनी अस्पतालले अन्तरङ्ग र बहिरङ्ग गसहित हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ । मेडिसिन, दन्तरोग, मनोसामाजिक विशेषज्ञ र ११ जना मेडिकल अधिकृत कार्यरत छन् ।

वार्षिक ६० हजारभन्दा बढीले सेवा लिने बेनी अस्पतालको विसं २०७४ देखि सुरु भएको भवन निर्माणले पूर्णता नपाउनु र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु मुख्य चुनौती बनेको छ । बेनी अस्पताललाई विसं २०७२ मा १५ बाट ५० शय्या क्षमतामा स्तरोन्नति गरिएको थियो ।

# भाँसिएको चार महिनापछि मुग्लिन–पोखरा सडक मर्मत सुरु

**पोखरापत्र संवाददाता**
दमौली, १७ मंसिर

मुग्लिन–पोखरा खण्डअन्तर्गत तनहुँको व्यास नगरपालिका–३ दुर्गा मन्दिर नजिक भाँसिएको सडक चार महिनापछि मर्मत गर्न थालिएको छ ।

दुई लेनमा रहेको उक्त सडक अस्थायी संरचना बनाएर चार लेनको बनाइएको थियो । चारमध्ये अस्थायी दुई लेन खण्ड सवारी चापका कारण चर्किएर गत साउन अन्तिम साता भाँसिएको थियो । भाँसिएको सडकखण्ड आजदेखि मर्मत गर्न थालिएको मुग्लिन पोखरा सडक आयोजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेले बताउनुभयो । उहाँका अनुसार करिब एक सय मिटर सडक भाँसिएपछि सो क्षेत्रमा सवारी आवागमन बन्द गरी एकतर्फी रूपमा सञ्चालनमा ल्याइएको छ । सडक भाँसिएको ठाउँमा कालोपत्र उप्काएर मर्मत गर्न थालिएको उहाँले जानकारी दिनुभयो । मुग्लिन–पोखरा सडकको पूर्वी खण्डअन्तर्गत जामुनेबाट आँबुखैरेनीसम्मको ४१ दशमलव पाँच किलोमिटर खण्डमा चार लेनमा कालोपत्र सम्पन्न भइसकेको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि सडक काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।

# बेनीकोटमा उत्पादित सुन्तला ढुवानीमा समस्या

**पोखरापत्र संवाददाता**
दमौली, १७ मंसिर

जिल्लाको व्यास नगरपालिका–१३ स्थित बेनीकोटको सुन्तला बजारीकरणमा समस्या भएको छ । भिरालो सडक भएकाले स्तरोन्नति नहुँदा सुन्तला बजारीकरणका लागि ढुवानी जोखिमपूर्ण हुने गरेको हो ।

सुनकोटका रूपमा परिचित बेनीकोटबाट अहिले दिनहुँ पाँच गाडी सुन्तला जिल्लाबाट बाहिरिने गरेको स्थानीय कृषक लेखबहादुर थापाले बताउनुभयो । जोखिमपूर्ण बाटो भएकाले जुनसुकै बेला पनि दुर्घटना हुनसक्ने खतरा उत्तिकै रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँ सुन्तलाका बोट नभएका घर छैनन् । एक घरमा कम्तिमा २० बोटदेखि बढीमा आठ सय बोटसम्म लगाएर व्यवसायिक रूपमा खेती गर्दै आएका छन् ।" यतिबेला सुन्तला किनबेचका लागि गाउँमा ठेकेदार पुगेर खरिद गरी गाडीमार्फत काठमाण्डौं, चितवन, पोखरासम्म ढुवानी गरिरहेका थापाले बताउनुभयो ।

मङ्सिरको पहिलो सातासम्म किसान धान भित्र्याउन व्यस्थ भएकाले यतिबेला करोडौंको सुन्तला बिक्री व्यस्त देखिन थालेका छन् । कृषक फलबहादुर थापाले सबैभन्दा बढी रु १६ लाख ५० हजारको सुन्तला बेचेको बताउनुभयो । उहाँ सोही वडास्थित सिद्धबेनी माविका पूर्वशिक्षक पनि हुनुहुन्छ ।

स्थानीय तारा थापाले यस वर्ष रु तीन लाख ८० हजार र कालबहादुर रानाले रु चार लाखको सुन्तला बेचेको जानकारी दिनुभयो । सुन्तला खरिद गर्न ठेकेदार गाउँमा पुग्ने गरेकाले केही सहज भएको उहाँहरूको भनाइ छ । "सुन्तलाको मोलमोलाइ गरेपछि बोट किन्ने प्रचलन छ । मूल्य कायम भएपछि सम्बन्धित ठेकेदारले फल टिप्ने र ढुवानी गरेर लैजाने हुँदा बिक्रीमा सहज भएको छ", ताराले भन्नुभयो ।

स्थानीय कृषक मनसिंह थापाले रु दुई लाख १० हजारको सुन्तला बेच्नुभएको छ । सुन्तला खेतीगर्न थालेपछि बारीमा बर्सेनि बिरुवा विस्तार गर्न थालेको उहाँले बताउनुभयो । दिनबहादुर थापाले रु तीन लाखको सुन्तला बेच्नुभयो ।

घरमा फल खरिद गर्ने व्यापारी आउने भएकाले बिक्री तथा ढुवानीको समस्या नभएको उहाँको भनाइ छ । "सडक असहज हुँदा खरिदकर्ताले गुनासो गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "सडकका कारण खरिदकर्ताले ढुवानीमा कठिनाइ भोग्नु परेको छ ।" यसवर्ष यहाँका अधिकांश सुन्तलाका बोटमा रोग लागेकाले उत्पादनमा कमी आएको कोटगाउँका दिपक थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "पुराना र रोगी बिरुवा हटाएर नयाँ बिरुवा लगाउने योजना बनाएको छु ।" बेनीकोटका स्थानीयले यस वर्ष रु दुई करोड बढी सुन्तलाबाट आम्दानी गरेका छन् । सुन्तलाखेतीको रूपमा परिचित यो स्थान सदरमुकाम दमौलीबाट सात किलोमिटरको दूरीमा पर्दछ ।

# एउटै गाउँबाट दुई करोडभन्दा बढीको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
दमौली, १७ मंसिर

तनहुँको व्यास नगरपालिका–१३ स्थित बेनीकोट गाउँका किसानले यसवर्ष रु दुई करोड बराबरको सुन्तला बिक्री गरेका छन् ।

सदरमुकाम दमौलीबाट सात किलोमिटर दुरीमा अवस्थित बेनीकोटका किसानलाई यतिबेला बारीमा फलेका सुन्तला टिप्ने र सुन्तला मिलाउने काममा भ्याइनभ्याइ छ । बेनीकोटका किसान फलबहादुर थापाले आफूले यस वर्ष रु १६ लाख ५० हजारको सुन्तला बिक्री गर्नुभएको बताउनुभयो । सिद्धबेनी माध्यमिक विद्यालयका पूर्वशिक्षकसमेत रहनुभएका उहाँले सुन्तला खेतीबाट मनग्य आम्दानी हुँदै आएको उल्लेख गर्दै गाउँबाट यस वर्ष रु दुई करोड मूल्य बराबरको सुन्तला बिक्री भएको जानकारी दिनुभयो । कालबहादुर रानाले आफूले रु चार लाखको सुन्तला बिक्री गरेको सुनाउनुभयो ।

उत्पादन भएका सुन्तला बिक्रीका लागि कुनै समस्या नरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "ठेकेदार नै गाउँसम्म आउँछन्, सुन्तला बगानको मोलमोलाइ गरेपछि बोट किन्ने, टिप्ने, ढुवानी गर्ने सम्बन्धित ठेकेदारले नै गर्छन् ।"

स्थानीय मनसिंह थापाले अन्य खेतीभन्दा सुन्तलाखेती गर्न सहज र मनग्य आम्दानी हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रत्येक वर्ष मङ्सिर महिनाभर बेनीकोट गाउँका किसानलाई सुन्तला बेच्न भ्याइनभ्याइ हुन्छ ।" थापाले यस वर्ष रु दुई लाख १० हजारको सुन्तला बिक्री गर्नुभयो । भिरालो सडक रहेको र सडकको स्तरोन्नति नहुँदा सदरमुकामबाट नजिकै भए पनि सुन्तला ढुवानीमा समस्या भोग्नुपरेको व्यवसायी लेखबहादुर थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले दैनिक पाँच वटासम्म गाडीमा सुन्तला बजार पुर्‍याउने गरिएको छ । जोखिमपूर्ण बाटो भएकाले असहज भने छ ।" बेनीकोटमा एउटा किसानले न्यूनतम २० देखि ८०० सम्म वटासम्म सुन्तलाका बोट लगाएका छन् । यहाँको सुन्तला काठमाडौं, चितवन, पोखरासम्म पुग्ने गरेको छ । मङ्सिर महिनामा धान भित्र्याउने समय भए पनि यहाँका किसानको मुख्य आम्दानीको स्रोत सुन्तला भएकाले किसान यतिबेला सुन्तला टिप्न र बिक्री गर्न व्यस्त छन् ।

# मौलिक खाना प्रवर्द्धन गर्न सडक महोत्सव

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १७ मंसिर



स्याङ्जाको प्रमुख व्यापारिक केन्द्र वालिङमा प्रथम वालिङ सडक खाना महोत्सव शुरु भएको छ । वालिङ खेलमैदानदेखि सुकौँदी पुलसम्म १९ गतेसम्म संचालन हुने तीन दिने प्रथम वालिङ सडक खाना महोत्सवको वालिङ नगरपालिकाले आयोजना गरेको हो ।

मौलिक खानालाई प्रवर्द्धन गर्दै बजारसम्म पुर्‍याउन आयोजना गरिएको सडक महोत्सवको 'हाम्रो नगरमा हाम्रै खाना, स्थानीय वृद्धि हाम्रो चाहना' मुल नारा रहेको छ । सडक खाना महोत्सवले स्थानीय खानाको संरक्षण तथा दस्तावेजीकरण, विभिन्न जातजातिको सांस्कृतिक विविधताको प्रचारप्रसार हुने अपेक्षा गरिएको छ । सडक खाना महोत्सव मार्फत पर्यटन नगरको ब्राण्डिङ, स्थानीय उत्पादनको बजार विस्तार, सामुदायिक एकता सद्भाव र पहिचान प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा २५ वटा स्टल रहेका छन् । महोत्सवमा गुरुङ, मगर, नेवार, बाहुन, क्षेत्रिलगायतका जातजातिहरुको मौलिक परिकारको प्रदर्शनी तथा बिक्री, जातिय तथा परम्परागत नृत्य, भेषभूषा, लोक संगीत, जातिय रितिरिवाज तथा जीवनशैली एकै थलोमा हेर्न सकिनेछ । आँधीखोले सभ्यता, स्थानीय इतिहास र समग्र नगरको सांस्कृतिक पहिचानलाई समेटेर आयोजना गरिएको महोत्सवमा स्थानीय चुलोचौकाको स्वाद, पुर्ख्यौली परिकारदेखि आधुनिक परिकारसम्मको स्वाद लिन पाईनेछ आयोजकले जनाएको छ । महोत्सव सम्पन्न गर्न नगरपालिकाले ६ लाख रकम विनियोजन गरिएको वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँणले जानकारी दिए ।

महोत्सवमा स्थानीय कृषिलाई निशुल्क स्टलको व्यवस्था गरिएको छ । स्थानीय किसानहरुले उत्पादन गरेका फलफूल, तरकारी, बीउबिजन तथा कृषि प्रविधि एवं नवीन उद्यमहरुको प्रर्दशनी र प्रवर्द्धन गरिनेछ ।

राष्ट्रिय ख्यातिप्राप्त कलाकार हरुको प्रस्तुतिदेखि नगरभित्रका प्रतिभा प्रस्फुटन समेत गरिने व्यवस्था मिलाइएको छ । प्रथम सडक खाना महोत्सवले स्थानीय तथा मौलिक खानाको प्रर्वद्धन गर्दै पर्यटन आवागमनको विकासका लागि टेवा पुर्‍याउने महोत्सवको उद्घाटन गर्दै जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जिटीले बताए । महोत्सवले स्थानीय होटलहरुको प्रर्वद्धन गर्दै मौलिक खानालाई बजारसम्म ल्याउन सहयोगी बन्नेमा विश्वास गरेको बताउँदै प्रमुख जिटीले स्थानीय कलाकार र परिकार तथा उत्पादनलाई महोत्सवमा विषेश प्राथमिकता दिएकोमा खुसी व्यक्त गरे ।

